*रुपा गाउँपालिका कास्कीको मिति २०८१ भदौ ०७ गतेको १५३ औ कार्यपालिका बैठकका निर्णयहरु*

**प्रस्तावहरुः**

२०८१।०८२-०२।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०२।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०२।०३ आव २०८१।०८२ को बार्षिक योजना तथा कार्यक्रम कार्ययोजना सम्बन्धमा।

२०८१।०८२-०२।०४ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०२।०५ आर्थिक बर्ष २०८१/०८२ को लागी बार्षिक कार्ययोजना सम्बन्धमा।

२०८१।०८२-०२।०६ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०२।०७ बजार अनुगमन सम्बन्धमा ।

२०८१।०८२-०२।०८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा जारी प्रदेश र स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यबिधि २०७८ अनुसारको कार्यसम्पादन सम्बन्धमा ।

२०८१।०८२-०२।०९ आव २०८१/०८२ को श्रावण महिनाको आय/व्यय स्वीकृत गरी सार्वजनिक गर्ने सम्बन्धमा ।

२०८१।०८२-०२।१० सेवा करारमा कर्मचारी भर्ना सम्बन्धमा ।

२०८१।०८२-०२।११ पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत सम्बन्धमा ।

२०८१।०८२-०२।१२ रूपा गाउँपालिका कास्कीमा रहेका नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन तथा बिक्री बितरण तथा आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमको ठेक्का प्रक्रिया सम्बन्धमा ।

२०८१।०८२-०२।१३ किसान सूचीकरण कार्यक्रम कार्यान्वयनका लागी सहमती सम्बन्धमा।

२०८१।०८२-०२।१४ बिविध सम्बन्धमा ।

शिक्षकहरुको व्यवस्थापन तथा कार्यसम्पादन सम्बन्धमा ।

सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।

डेङ्गयी र मङ्कीपक्स रोग सन्दर्भमा ।

तलबी प्रतिवेदन सम्बन्धमा ।

जग्गा बर्गीकरण म्याद थप सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

खरिद योजना सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०१**

प्रस्ताव नं २०८१/०८२-०२।०१ उपर छलफल गर्दा १५२ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०२**

प्रस्ताव नं २०८१/०८२-०२।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०३**

प्रस्ताव नं २०८१/०८२-०२।०३ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०८१।०८२ को योजना तथा कार्यक्रम तपसिल बमोजिम कार्यान्वयन गर्न गाउँ कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिलः**

| सि. नं. | विवरण | अवधि | निकाय |
|---|---|---|---|
| १ | योजना तथा कार्यकमको अन्तिम विवरण/ दररेट तयार गर्ने | २०८१ भाद्र १० गते सम्म | गा.पा.कार्यालय |
| २ | उपभोक्ता समिति गठन | २०८१ असोज मसान्त सम्म | वडा कार्यालय |
| ३ | उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम | २०८१ मंसिर १५ सम्म | गा.पा. कार्यालय |
| ४ | योजनाको लागत इष्टिमेत तयार | २०८१ कार्तिक १५ सम्म | गा.पा. कार्यालय |
| ५ | योजना सम्झौता | २०८१ पुस १५ सम्म | गा.पा. कार्यालय र वडा कार्यालय |
| ६ | योजनाको अन्तिम मुल्यांकन तथा अन्तिम भुक्तानी | २०८१ चैत्र १५ सम्म | गा.पा. कार्यालय र वडा कार्यालय |

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०४**

प्रस्ताव नं २०८१/०८२-०२।०४ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०५**

प्रस्ताव नं २०८१/०८२-०२।०५ उपर छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ मा रूपा गाउँपालिका कास्की र मातहतका निकायहरुबाट सम्पादन हुने कार्य तथा सेवा प्रवाहको समष्टिगत बिषयहरू सहितको बार्षिक कार्यपात्रो निर्माण गरी सो अनुसार कार्यसम्पादन गर्न निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०६**

प्रस्ताव नं २०८१/०८२-०२।०६ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**तपसिलः**

नेपाल बिकास समाजद्वारा सञ्चालित कार्यक्रम

जिल्ला प्रशासन कार्यालयद्वारा सञ्चालित बजार अनुगमन सम्बन्धी गोष्ठी

मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सम्बन्धी जानकारी

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०७**

प्रस्ताव नं २०८१/०८२-०२।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीका उपभोक्ताहरूको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मुल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न वस्तु वा सेवाको उत्पादन स्थल, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यावसायिक कारावरको दर्ता, नवीकरण, आपुर्ति, मुल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन तथा अनुगमन गुणस्तर तथा नापतौल कार्यालय कास्कीको समन्वयमा बिभिन्न समूहहरु निर्माण गरी बजार अनुगमन सञ्चालन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०८**

प्रस्ताव नं २०८१/०८२-०२।०८ उपर छलफल गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा जारी प्रदेश र स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यबिधि, २०७८ अनुसारको रूपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०८१/०८२ को कार्यसम्पादनका सूचकहरू प्रविष्ट गर्न निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०२।०९**

प्रस्ताव नं २०८१/०८२-०२।०९ उपर छलफल गर्दा पेस भएबमोजिम आर्थिक बर्ष २०८१/०८२ को श्रावण महिनाको आय/व्यय अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०२।१०</u>**

प्रस्ताव नं २०८१/०८२-०२।१० उपर छलफल गर्दा रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा सेवा गर्नेगरी नेपाल सरकार ससर्त अनुदान अन्तर्गत तपसिलका पद रिक्त रहेकाले सेवा करारमा पदपुर्ति गर्ने निर्णय गरियो ।

तपसिलः

| क स | पद | तह | कैफियत |
|---|---|---|---|
| १ | कृषि स्नातक | छैठौं | |
| २ | रोजगार सहायक | पाँचौं | |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०२।११</u>**

प्रस्ताव नं २०८१/०८२-०२।११ उपर छलफल गर्दा रूपा गाउँपालिका अन्तर्गत आर्थिक बर्ष २०८१/०८२ मा पशुसेवा शाखाबाट सम्पादन हुने कार्यक्रम कार्यान्वयनका लागि पेस भएको **पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** संशोधन सहित स्वीकृत गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०२।१२</u>**

प्रस्ताव नं २०८१/०८२-०२।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका कास्कीमा रहेका नदिजन्य पदार्थहरुको उतखन्न, संकलन तथा बिक्री बितरणका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने ।

ख) आर्थिक बर्ष २०८१/०८२ को लागि स्वीकृत योजना तथा कार्यक्रम अनुसार ठेक्का प्रक्रिया अगाडि बढाउने।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०२।१३</u>**

प्रस्ताव नं २०८१/०८२-०२।१३ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश पोखराको चलानी नं ४५, मिति २०८१/०४/३२ को सूचना अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागी यस गाउँपालिकामा किसान सूचीकरण कार्यक्रम कार्यान्वयनको लागी सहमति माग भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०२।१४</u>**

प्रस्ताव नं २०८१/०८२-०२।१४ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

<u>तपसिलः</u>

क) रूपा गाउँपालिका कास्कीका गाउँसभा सदस्यहरूको आर्थिक बर्ष २०८०/०८१ को सम्पत्ती विवरण तोकिएको समयमै दर्ता गर्न सूचित गर्ने ।

ख) पेस भएबमोजिम रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा कार्यरत कर्मचारीहरूको आर्थिक वर्ष २०८१/०८२ को तलवी प्रतिवेदन पारित गरियो ।

ग) विश्वमा बढ्दै गएको मङ्कीपक्स तथा नेपालमा बढ्दै गएको डेङ्गीको माहामारीबाट रूपा गाउँपालिकाका बासिन्दाहरूलाई सुरक्षित गर्न पुर्व सतर्कताका कार्यक्रमहरु सञ्चालन गरी सङ्क्रमण हुन सक्ने सम्भावनालाई मध्यनजर गरी रूपा गाउँपालिका वडा नं ४ मा क्वारेन्टिनको निर्माण गर्ने र उक्त क्वारेन्टिन निर्माणको लागी आवश्यक सामग्रीहरू तथा जनशक्ति व्यवस्थापन गर्ने ।यस्ता रोगहरुको माहमारीलाई नियन्त्रण गर्न रूपा गाउँपालिका स्वास्थ्य शाखालाई थप मजबुद तथा व्यवस्थित बनाउन आवश्यक निर्देशन दिने ।

घ) रूपा गाउँपालिका भूउपयोग आधार तथा मापदण्ड, २०८१ बमोजिम यस गाउँपालिका अन्तर्गतका कित्ताहरुको जग्गा वर्गीकरण प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लेख भए अनुसार कृषि, आवासीय र व्यावसायिक लगायत क्षेत्रहरुको वर्गीकरणमा रहेका जग्गाहरुमध्ये जग्गाधनीको कित्ता छुट रही सच्याउन चाहेमा मिति २०८१।०५।११ सम्म निवेदन पेस गर्ने अवधि रहेकोमा स्थानीयबासीहरुले म्याद थप गरिदिन अनुरोध भएकाले मिति २०८१।०७।२१ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका ४ नं वडा कार्यालय भवन ट्रस निर्माणको गत आर्थिक वर्षको भुक्तानी बाँकी रकम रु ५,८०,०००/- (अक्षरेपि पाँच लाख असी हजार मात्र) अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो।

च) रूपा गाउँपालिका वडा नं ४ स्थित तल्लो डबकेकुलो अविरल वर्षाका कारण क्षति भइ उक्त स्थानमा रहेको धान खेतीमा सिँचाइको समस्या परेको देखिएकाले उक्त कुलो मर्मत खर्च वापत रकम रू २५०००/- (अक्षरेपि पच्चिस हजार मात्र) अनुमोदन गरी कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

छ) रूपा गाउँपालिका वडा नं ६ स्थित भोर्ले आँपुखोला मोटरबाटो स्तरोन्नति गर्न आर्थिक वर्ष २०८१/८२ को लागि बजेट रकम रू ३ लाख बिनियोजन भएकोमा उक्त रकम अपुग हुने देखिएकाले लागत अनुमान अनुसार हुन आउने रकमध्ये आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी रकम रू ३ लाख थप गर्ने निर्णय गरियो ।

ज) रूपा गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन चालु आर्थिक वर्षमा सम्पादन हुने खरिदका सम्पुर्ण पक्षहरू समावेश गरी तयार पारिएको **रूपा गाउँपालिका कास्कीको खरिद योजना, २०८१** संशोधन सहित स्वीकृत गरियो ।

मिति २०८१ भाद्र ०८ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की